# हिमाली गाउँपालिका

Himali Rural Municipality

## गाउँ कार्यपालिकाको कार्यालय

(Office Of Rural Municipal Executive)

धुलाचौर, बाजुरा (Dhulachaur, Bajura)

सुदूरपश्चिम प्रदेश, नेपाल (Sudurpaschim Nepal)

प.सं. (Letter No ) : २०८३ /०८४ च.नं.(Ref.No) : ११ स्वास्थ्य मिति (Date): २०८३/०५/३० गते

### अत्यन्त जरुरी सूचना

**विषय: औषधि उपचार बापतको कडा रोग (मासिक रु. ५,०००/-) भत्ता प्राप्तिका लागि कागजात पेश गर्ने सम्बन्धी।**

नेपाल सरकार (स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय) को *"मृगौला प्रत्यारोपण गरेका, डायलाइसिस गराइरहेका, क्यान्सर रोगी र मेरुदण्ड पक्षाघातका बिरामीलाई औषधि उपचार बापत खर्च उपलब्ध गराउने सम्बन्धी कार्यविधि, २०७८"* अनुसार हिमाली गाउँपालिका भित्र स्थायी बसोबास गर्ने लक्षित बिरामीहरूलाई मासिक रु. ५,०००/- (पाँच हजार) का दरले त्रैमासिक रूपमा औषधि उपचार खर्च उपलब्ध गराइने भएकाले योग्य नागरिकहरूले देहाय बमोजिमका कागजातहरू संलग्न गरी सम्बन्धित वडा कार्यालय मार्फत हिमाली गाउँपालिका स्वास्थ्य शाखामा निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ।

**१. लक्षित समूह (सुविधा पाउने बिरामीहरू):**

- मृगौला प्रत्यारोपण गराएका बिरामी।
- डायलाइसिस गराइरहेका बिरामी।
- क्यान्सर रोग भई उपचार गराइरहेका वा निगरानीमा (Follow-up ३/३/ महिनामा) रहेका बिरामी।
- मेरुदण्ड पक्षाघात (Spinal Paralysis) भएका व्यक्तिहरू।

**२. पेश गर्नुपर्ने आवश्यक कागजातहरू:**

- **निवेदन:** कार्यविधिको अनुसूची-२ बमोजिम भरिएको निवेदन फाराम।
- **चिकित्सकको सिफारिस:** अनुसूची-१ को ढाँचामा नेपाल मेडिकल काउन्सिलमा दर्ता भएका चिकित्सकले प्रमाणित गरेको सक्कल सिफारिस/प्रमाणपत्र।
- **पहिचान पत्र:**
    - राष्ट्रिय परिचयपत्र / नागरिकताको प्रमाणपत्रको प्रतिलिपि।
    - १६ वर्ष मुनिका बालबालिकाको हकमा जन्मदर्ता प्रमाणपत्रको प्रतिलिपि।
- **अपाङ्गता परिचयपत्र (मेरुदण्ड पक्षाघातका हकमा):** अपाङ्गता सम्बन्धी प्राप्त गरेको रातो वा नीलो कार्डको प्रतिलिपि।
- **विपन्नताको प्रमाण:** विपन्नता/गरिबी परिचयपत्र वा स्थानीय तहबाट प्राप्त विपन्न रहेको प्रमाणपत्र/सिफारिस/सम्बन्धित वडा कार्यालयको सिफारिस ।
- **बैंक खाता विवरण:** लाभग्राहीको नाममा रहेको बैंक खाता नम्बर र बैंकको नाम।

**द्रष्टव्य (ध्यान दिनुपर्ने मुख्य सर्तहरू):**

- नेपाल सरकार वा अन्य संस्था/विदेशबाट सरकारी रोजगारी, पेन्सन वा निवृत्तिभरण पाइरहेका व्यक्तिले यो सुविधा पाउने छैनन्।
- ज्येष्ठ नागरिक, एकल महिला, अपाङ्ग भत्ता आदि अन्य कुनै पनि सामाजिक सुरक्षा भत्ता लिइरहेका व्यक्तिले दुवैमध्ये कुनै **एक मात्र** छनोट गर्नुपर्नेछ।
- नक्कली कागजात पेश गरी रकम लिएको पाइएमा कानुन बमोजिम कारबाही भई रकम असुलउपर गरिनेछ।

**कागजात पेश गर्ने स्थान:** सम्बन्धित वडा कार्यालय मार्फत हिमाली गाउँपालिका, स्वास्थ्य शाखा बाजुरा



गा.पा. अध्यक्ष ९८५८०२१५२१, प्र.प्र.अ. ९८४३४१९४६५, सूचना अधिकारी ९८५६०७७५२३

E-mail : ito.himalirulmun@gmail.com, rajbdrbhandari781@gmad.com Website www.himalimun.gov.np

राज बहादुर भण्डारी
स्वास्थ्य शाखा प्रमुख